श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. २५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

वाणिज्य बैंक ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः वाणिज्य बैंक ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "वाणिज्य बैंक (चौथो सशोधन) ऐन, २०४६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. वाणिज्य बैंक ऐन, २०३१ को दफा २ मा संशोधनः वाणिज्य बैंक ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ज) मा रहेका "तत्सम्बन्धी लिखत" भन्ने शब्दहरू पछि "वा बैंकलाई मान्य हुने कुनै सुरक्षण" भन्ने शब्दहरू थपिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

258

(२) खण्ड (न) मा रहेका "कुनै पनि वित्तीय संस्था" भन्ने शब्दहरू पछि "वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी वित्तीय संस्था भनी तोकिदिएको संस्था" भन्ने शब्दहरू थपिएका छन् ।

(३) खण्ड (न) पछि देहायका खण्ड (न१) र (न२) थपिएका छन्:–

"(न१) "वासलात बाहिरको कारोवार (अफ ब्यालेन्स सिट अपरेशन)" भन्नाले बैंकले दायित्व ब्यहोर्नु पर्ने सम्भावना भएको जमानत, स्वीकारपत्र, प्रतितपत्र, प्रतिवद्धता, विदेशी विनिमय सम्बन्धी अग्रिम कारोवार र त्यस्ता प्रकारका अन्य कारोवार सम्झनु पर्छ ।

(न२) "जोखिम सम्पत्ति" भन्नाले नगद, बैंक मौज्दात, अचल सम्पत्ति, राष्ट्र बैंकसंग लिनु पर्ने रकम, श्री ५ को सरकार वा राष्ट्र बैंकबाट निष्काशित ऋणपत्रमा लगानी गरेको रकम र विदेशी बैंक वा विदेशी सरकारबाट निष्काशित ऋणपत्रमा लगानी गरेको रकम मध्ये राष्ट्र बैंकले मान्यता दिएको बाहेक अन्य सम्पत्ति सम्झनु पर्छ ।"

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को,–

(१) उपदफा (६) मा रहेका "उप-शाखा खोल्न" भन्ने शब्दहरूको सट्टा "उप-शाखा वा अन्य कार्यालय खोल्न, स्थानान्तरण गर्न" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (७) मा रहेका "उप-शाखा खोल्न" भन्ने शब्दहरूको सट्टा "उप-शाखा वा अन्य कार्यालय खोल्न, स्थानान्तरण गर्न" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ का उपदफा (१) मा रहेका "शाखा खोल्न" भन्ने शब्दहरूको सट्टा "शाखा, प्रतिनिधि कार्यालय वा सम्पर्क कार्यालय खोल्न" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर राष्ट्र बैंकले श्री ५ को सरकारको स्वीकृति लिई प्रिफरेन्स शेयर जारी गर्ने निर्देशन दिएमा बैंकले त्यस्तो शेयर जारी गर्न सक्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।